STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन १९ गते बिहीबार ❑ 3 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरामा भेटियो बर्डफ्लु, एकैदिन २०० पक्षी नष्ट

पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन

पोखरामा बर्डफ्लू रोग भेटिएको छ । पोखरा महानगरपालिका-१५ र १७ का घरपालुवा कुखुरा र हाँसमा बर्डफ्लुको संक्रमण भेटिएको हो ।

ती वडामा बुधबार खटिएको प्रविधियुक्त टोलीले २०० भन्दाबढी संख्यामा कुखुरा, हाँस र बट्टाईसहित प्रयोग हुने दाना, सुलीलगायतका पक्षी र पक्षीजन्य पदार्थ नष्ट गरिएको जिल्ला बर्डफ्लु रोग नियन्त्रण समिति कास्कीका सञ्चार अधिकृत डा ग्रीष्म न्यौपानेले जानकारी दिनुभयो ।



उहाँले भन्नुभयो, 'उक्त क्षेत्रमा व्यावसायिक फार्म नभए पनि खुला जग्गा र घरको छतमा राखेर पाल्ने संख्या सोचेभन्दा बढी भेटिएको छ ।' दुवै स्थानमा बुधबारदेखि फागुन २७ गतेसम्म पक्षी र पक्षीजन्य पदार्थको ओसार पसारमा समेत रोक लगाइएको उहाँको भनाइ छ ।

पोखरा-१५ सीताराम पुल नजिक सिद्धिमार्ग अलस्कापुर टोलका खुशीमान गुरुङ र पोखरा-१७ घारीपाटन हिमाल दूध डेरी नजिक खेमबहादुर क्षेत्रीले पालेको स्थानीय जातका कुखुरामा बर्डफ्लु भाइरस देखिएको बताइएको छ । स्थानीयवासी खुशीमान र खेमबहादुरले घरमा पालेका कुखुरा र हाँस धमाधम मर्न थालेपछि जिल्ला प्रयोगशालामा ल्याई आरडिटी परीक्षण गर्दा पोजेटिभ देखिएसँगै थप परीक्षणका लागि काठमाडौँ पठाइएकामा एकैदिन फागुन १५ गते दुवै स्थानमा संक्रमण पुष्टि भएको हो ।

सञ्चार अधिकृत न्यौपानेले भन्नुभयो, 'संक्रमण देखिएको स्थानलाई इपिसेन्टर मानेर चार किल्ला निर्धारण गरिएको छ ।' स्थानीय जनप्रतिनिधिको रोहवरमा जिल्ला भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्रका प्राविधिक, प्रहरीसहितको टोलीले पक्षी र पक्षीजन्य पदार्थ नष्ट गर्ने अभियान सञ्चालन गरेको हो । आजै नष्ट गरिएका पक्षी र संकलन गरिएको पक्षीजन्य पदार्थलाई पोखराको ल्याण्डफिल्ड नजिकै खाली जग्गामा लगेर व्यवस्थित गर्ने तयारी भइरहेको छ ।

## सुदुरपश्चिम प्रदेशका अर्थमन्त्री सहितको टोली गण्डकीमा

पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन

सुदुरपश्चिम प्रदेशको आर्थिक मामिला मन्त्री सहितको टोलीलाई गण्डकी प्रदेशको अर्थ मन्त्रालयले प्रदेश राजधानी पोखरामा स्वागत गरेको छ । अन्तर प्रदेश अवलोकन भ्रमणमा निस्केको उक्त टोलीलाई अर्थ मन्त्रालयले बुधबार मन्त्रालयमै स्वागत गरेको हो ।



सुदुर पश्चिम प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री दीर्घ बहादुर सुडारी, आर्थिक मामिला मन्त्री तारा लामा तामाङ, राज्य मन्त्री माया तामाङ बोहरा लगायतको टोलीलाई गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले खादा लगाउदै स्वागत गर्नु भएको हो । स्वागत कार्यक्रममा वोल्दै गण्डकी प्रदेशका अर्थ मन्त्री जीवनले आन्तरिक श्रोतको बृद्धि गरी प्रदेश सरकारलाई दिगो रुपमा स्थापना गर्नुपर्नेमा जोड दिनु भयो । संघियता बिरोधी भएका टिप्पर्ढी र आलोचनालाई विफल पार्न प्रदेश सरकारहरुले आन्तरिक पुंजिको बृद्धि गर्नुपर्ने उहाँको भनाई थियो । संघियतामा रहेकाहरुमा अझै एकात्मक सोच भएकोले त्यसको बिरुद्ध प्रदेश सरकारहरु एक हुनुपर्ने मन्त्री बरालले बताउनु भयो । सुदुर पश्चिम प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री दीर्घ बहादुर सुडारीले बजेट निर्माणको क्रममा बजेटको सिमा समेत नाघ्नुपर्ने अबस्था सृजना भएको बताउनु भयो । आन्तरिक राजश्व बृद्धि गर्नु मुख्य चुनौती रहेको उहाँले बताउनु भयो । गण्डकी प्रदेशबाट आफुहरुले जलबिद्युत, पर्यटन लगायतका धेरै कुरा सिक्ने मौका पाएको मन्त्री सुडारीले बताउनु भयो । आर्थिक मामिला मन्त्री तारा लामा तामाङले राजनीतिक कमजोरीका कारण योजना दोहोरीने गरेको बताउनु भयो । स्थानिय, प्रदेश र संघिय सरकारले के कस्ता योजनालाई प्रथामिकता दिनुपर्ने सोको बारे प्रष्ट हुनुपर्ने उहाँले बताउनु भयो ।

गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्थले साझा समस्याको रुपमा टुक्रे योजनाहरु रहेको बताउनु भयो । उहाँले गण्डकी प्रदेशमा १८ बर्ष माथिका सवै व्नागरिकहरुमा कोरोना बिरुद्ध खोप उपलब्ध गराईएको दाबी गर्नु भयो । सुदुर पश्चिम प्रदेशका प्रमुख सचिव रामेश्वर दंगालले बजेटको बारेमा जति नै छलफल तथा अन्तरक्रिया गरे पनि अन्तिम एक सातामा बजेट बनाउने पुरानो संस्कारले योजना कार्यान्वयनमा समस्या आएको बताउनु भयो ।

अर्थ मन्त्रालयका सचिव बैकुण्ठ प्रसाद अर्यालले प्रदेशको बारेमा प्रस्तुतीः राख्नु भएको थियो भने सुदुर पश्चिम प्रदेशका आर्थिक मामिलाका सचिव जितेन्द्र बस्नेतले समेत आफ्नो प्रदेशको बारेमा प्रस्तुतीः राख्नु भएको थियो ।

## गण्डकीका महिलालाई क्यान्सर उपचारमा ५० प्रतिशत सहुलियत

पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन

गण्डकी प्रदेशका महिलाले स्त्री प्रजनन अङ्गमा हुने क्यान्सरको उपचारमा रु ५० हजार सहुलियत पाउने भएका छन् । प्रदेश सरकारले यहाँको बिपी कोइराला मेमोरियल क्यान्सरसँग यससम्बन्धी सम्झौता गरेको हो ।

अस्पतालका कार्यकारी निर्देशक डा देजकुमार गौतम र गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा श्रीराम तिवारीले बिहीबार निःशुल्क उपचार सहायता कार्यक्रमको सम्झौतामा हस्ताक्षर गर्नुभएको छ । सम्झौताअनुसार गण्डकी प्रदेशका स्त्री प्रजनन अङ्गसँग सम्बन्धित क्यान्सरको उपचारका लागि प्रदेश सरकारले रु ५० हजार बराबरको सहुलियत दिने छ । नेपाल सरकारले उपलब्ध गराउने रु एक लाख खर्च भइसकेपछि गण्डकी प्रदेशका महिलाले यो सुविधा लिन पाउने कार्यकारी निर्देशक डा गौतमले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गण्डकीका महिलाले प्रजनन् अङ्गसँग सम्बन्धित क्यान्सरको उपचार गर्दा नेपाल सरकारको रु एक लाखपछि प्रदेश सरकारको रु ५० हजार सहुलियत पाउने छन् ।" उहाँका अनुसार स्तन, पाठेघर, पाठेघरको मुखको क्यान्सरलगायतको उपचारमा यो सहुलियत लिन पाइने छ । गण्डकी प्रदेशमा बसोबास गरेको प्रमाणित भएकाले यो सुविधा लिन पाइने डा गौतमको भनाइ छ । सचिव डा तिवारीले प्रदेश सरकारको नीतिअनुरुपनै यो सम्झौता गरिएको बताउनुभयो । उहाँले आगामी वर्षको कार्यक्रममा महिला, पुरुष र बालबालिकामा हुने सबै खालका क्यान्सरमा सहुलियत दिने कार्यक्रम ल्याउने योजना रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो सुरुआत मात्रै हो, आगामी वर्षको कार्यक्रममा सबै खालका क्यान्सरमा सबैले सहुलियत पाउने गरी योजना ल्याउँदैछौं ।"

## पोखरा-धनगढी सिधा हवाई सेवा सुरु

पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन

निजी क्षेत्रको बुद्ध एयरलाइन्सले बुधबारदेखि पोखरा-धनगढी-पोखरासम्म सिधा हवाई सेवा सुरु गरेको छ ।

धनगढी विमानस्थलमा नेपाल एशोसिएशन अफ टुर्स एण्ड ट्राभल्स एजेन्ट (नाटा) सुदूरपश्चिमका पदाधिकारीले पोखराबाट धनगढीका लागि उडान भरेको पहिलो बुद्धएयरका १८ यात्रुलाई स्वागत गर्नुका साथै धनगढीबाट पोखरा जाने यात्रुलाई बिदाइ गर्नुभयो ।

पोखरादेखि धनगढीसम्मको सिधा हवाई सेवा सुरु भएसँगै सुदूरपश्चिमका बासिन्दाले काठमाडौँ हुँदै पोखरा जानुपर्ने बाध्यता हट्ने भई समय र पैसाको समेत बचत हुने देखिएको धनगढीस्थित बुद्धएयर स्टेशनका प्रमुख बुधराम माझीले बताउनुभयो । "पोखरा-धनगढी-पोखरासम्म आइतबार, बुधबार र शुक्रबार गरी हप्तामा तीन उडान भर्ने गरी हवाई सेवा दिन सुरु गरेका छौँ", माझीले भन्नुभयो, "यसले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरेका छौँ ।" पर्यटन व्यवसायी मायाप्रकाश भट्टले पोखरा धनगढीसम्म हवाई सेवा सुरु

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रेस चौतारी गण्डकीको अधिवेशनमा १७ जनालाई सम्मान गरिने

पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन

प्रेस चौतारी नेपाल गण्डकी प्रदेश कमिटीको ऐतिहासिक प्रथम अधिवेशनमा १७ जना अग्रजलाई सम्मान गरिने भएको छ ।

सम्मानित हुनेमा गण्डकी प्रदेशका ११ जिल्लाका संस्थापक अध्यक्ष अथवा संस्थापक पदाधिकारी र पूर्व तथा वर्तमान केन्द्रिय पदाधिकारी रहने अध्यक्ष सुष्मा पौडेलले जानकारी दिनुभयो । यसरी सम्मानित हुनेमा वर्तमान केन्द्रिय उपाध्यक्ष गणेश पाण्डे, गण्डकी प्रदेश इन्चार्ज रामकृष्ण शर्मा, सह-इन्चार्ज श्यामनाथ कुँवर, केन्द्रिय पूर्व वरिष्ठ उपाध्यक्ष दुर्गाप्रसाद शर्मा, पूर्व उपाध्यक्ष शान्ती गुरुङ, पुर्व सचिव दुर्गा भण्डारी रहनु भएको छ । यसैगरी कास्कीका संस्थापक अध्यक्ष पुण्य पौडेल, तनहुँका संस्थापक अध्यक्ष तारानाथ शर्मा, बागलुङका संस्थापक अध्यक्ष गोविन्द नेपाली, म्याग्दीका संस्थापक अध्यक्ष तारानाथ उपाध्याय, लमजुङका संस्थापक अध्यक्ष सुवास पौडेल, स्याङ्जाका संस्थापक अध्यक्ष राजेन्द्र डुम्रे, नवलपुरका संस्थापक अध्यक्ष होमनाथ जैसी, पर्वतका संस्थापक अध्यक्ष भोलानाथ शर्मा, गोरखाका संस्थापक कोषाध्यक्ष भिमलाल श्रेष्ठ, मुस्ताङका संस्थापक तिलक विक र मनाङका संस्थापक अध्यक्ष राजन बहादुर गुरुङ रहनुभएको छ । फागुन १९ गते बिहिबार साइमन पार्टी प्यालेस सिर्जनाचोक पोखरामा बिहान १० बजे सूरु हुने अधिवेशनको सम्पूर्ण तयारी पुरा भएको अध्यक्ष पौडेलले बताउनुभयो । अधिवेशनमा गण्डकी प्रदेशका ११ जिल्लाका प्रतिनिधि तथा आयोजक पर्यबेक्षक गरी २ सय ५० जना सहभागी हुनेछन् । गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री एवं नेकपा एमालेका उपमहासचिव तथा प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यतामा हुने अधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्नेछ ।

## महिला हिंसा न्यूनीकरण गर्न घर-घरमै सचेतना आवश्यक

पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन

महिला हिंसा न्यूनीकरण गर्न घर-घरमै सचेतनाको आवश्यक रहेको पोखरामा आयोजित महिला हिंसा सम्वन्धि सचेतना कार्यक्रममा बताइएको छ ।

अभियान युवा क्लब, अभियान महिला समूह, जिल्ला प्रहरी कार्यालय कास्की, सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्की र सामुदायिक प्रहरी सेवा केन्द्र बैदामको संयुक्त आयोजनामा बुधबार भएको सचेतना कार्यक्रममा उक्त कुरा बताइएको हो ।

पछिल्लो समय महिला हिंसाको स्वरुप परिवर्तन हुँदै बढ्दै गएकाले घरघरबाटै सचेतना जगाउनुपर्ने जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब निरीक्षक होत बहादुर रोकाहाले सचेतनामूलक प्रशिक्षणमा बताएका छन् । 'महिला भएकै कारण महिलामाथि दुर्व्यबहार हुने गरेको छ । यसलाई रोक्न प्रत्येक घरका सदस्यलाई सचेतना हुनु जरुरी छ ।' -उनले भने । पछिल्लो समय बाल हिंसा र महिला हिंसाको रुप तिब्ररुपमा बढ्दै गएको उनको भनाई थियो ।

प्रशिक्षित महिलाहरुले प्रशिक्षणले महिला हिंसाका बारेमा धेरै कुरा जानिएको बताए । साथै उनीहरुले महिला हिंसालाई रोक्न सहयोग गर्ने प्रतिवद्धता जनाए । पोखरा ५ जिरो किमीमा भएको कार्यक्रममा सामुदायिक प्रहरी सेवा केन्द्र बैदामका सुर्य बहादुर केसी, पार्वती रानाभाट, अभियान युवा क्लबका अध्यक्ष राजु गिरी, जिल्ला प्रहरी कार्यालयका भिम काफ्ले, एकल महिला समुह पोखरा वडा ५ की अध्यक्ष राजकुमारी थापालगाएत ३५ जना महिलाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा स्वागत मन्तब्य अभियान महिला समूहकी निवर्तमान अध्यक्ष शर्मिला केसीले राखेकी थिइन् भने अध्यक्षता अभियान महिला समूहकी अध्यक्ष लक्ष्मी शर्माले गरेकी थिइन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# तेस्रो लोककवि अलिमियाँ सेभेन ए साइड फुटबल सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**

तेस्रो लोककवि अलिमियाँ स्मृति खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता बुधवार देखी सुरु भएको छ।

नेपाल मुस्लिम युवा समिति कुँडहर-१३ को आयोजनामा सो प्रतियोगिता सुरु भएको हो। युवाहरुलाई शारीरिक रुपमा स्वस्थ्य बनाउँदै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा फुटबल खेलाडीहरुलाई प्रतिष्पर्धि बनाउने उद्देश्यले कार्यक्रम गरिएको हो। पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले रेफ्रीलाइ बल दिएर प्रतियोगिगताको उद्घाटन गरे। अलिमियाँको स्मृतिमा भएको खेलले कुँडहरदेखि पोखरालाइ



चिनाउन सफल भएको अध्यक्ष लामाले भने। अलिमियाँले गाएका गीत र कविताले धार्मिक तथा पर्यटन क्षेत्रलाइ चिनाउन राम्रो भुमिका खेलको अध्यक्ष लामाले चर्चा गरे। अलिमियाँ का हरेक कृति सदवार चर्चा परिचर्चाले समग्र पोखरेलीको गहन बन्दै गएको अध्यक्ष लामाले वताए। युवाहरुले गरेका खेलकुद कार्यक्रमलाइ सदैव सहयोग गरिरहने अध्यक्ष लामाको जोड थियो। नेपाल उद्योग व्यापार महासंघका अध्यक्ष प्रवेश चन्द्र उप्रेतिले खेलकुद जीवनको लागि महत्वपुर्ण भएको भने। प्रतियोगितामा ४७ टिम सहभागी रहेका छन्। नेपाल मुस्लिम युवा समितिका अध्यक्ष अब्बास अलि मियाँको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष अफजल अलिमियाँ लगायत वोलेको कार्यक्रममा समितिका सचिव साजित अलिमियाँले संचालन गरेका थिए।

वडा नं १३ स्थित माछापोखरी खेल मैदानमा हुने प्रतियोगिता प्रथम हुनेलाई एक लाख २५ हजार, द्धित्तीय हुनेलाई ७५ हजार प्रदान गुर्नको साथै विभिन्न विद्यामा पुरस्कृत हुने खेलाडीलाई पुरस्कार प्रदान गरिने समितिका सचिव साजितले वताए।

# नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीको अधिवेशन ५ चैतमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**

नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीको दोस्रो अधिवेशन चैत ५ गते हुने भएको छ। मञ्चको सम्पन्न २८ औं कार्यसमिति बैठकले पोखरामा अधिवेशन गर्ने गरी मिति तय गरेको हो।

विशेषगरी खेलकुद बिटमा कलम चलाउने पत्रकारको संस्था खेलकुद पत्रकार मञ्चले महिला, आदिवासी जनजाति र दलितको सहभागिता सुनिश्चित गरेको छ। मञ्चमा प्रदेशभरका गरी ५६ सदस्य आबद्ध छन्।

तीन वर्षअघि एकराज गिरीको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति आएको थियो। कोरोना महामारीको विषम परिस्थितिबीच पनि यो कार्यसमितिले सदस्यको हकहित एवं सुखदुःखमा सहभागी बन्दै प्रदेशकै बिग इभेन्ट पोखरा स्पार्टस् अवार्ड, अन्तर्क्रिया, पत्रकार सम्मेलन, मैत्रीपूर्ण खेलकुद एवं विभिन्न कार्यक्रममा सहभागिता लगायत दर्जन बढी कार्यक्रम गरेको छ।

यसैबीच, मञ्चको बैठकले अधिवेशनअघि आधारभूत खेलकुद पत्रकारिता तालिम गर्ने महासचिव विजय नेपाल र संस्था नवीकरण कार्यका लागि अध्यक्ष एकराज गिरीलाई संयोजक तोक्ने निर्णय गरेको छ।

# नेपाल इन्स्योरेन्स प्रोफेसनल सोसाइटी पोखरा चाप्टरमा तिवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**



नेपाल इन्स्योरेन्स प्रोफेसनल सोसाइटी पोखरा चाप्टरको अध्यक्षमा दीपकराज तिवारी निर्वाचित भएका छन्।

हालै सम्पन्न अधिवेशनबाट सर्वसम्मत नयाँ कार्यसमिति चयन भएको हो। उपाध्यक्षमा तेजप्रसाद अधिकारी, सचिवमा बद्रीनाथ पौडेल, कोषाध्यक्षमा छबिलाल पौडेल निर्वाचित भए। त्यस्तै सदस्यमा शिव सुवेदी, गोपाल पौडेल, मीनबहादुर जिसी, सरोज अधिकारी, टंक दाहाल, उमाकान्त बराल र मनोज भारती छन्।

निबर्तमान अध्यक्ष केशव ढकालले नवनिर्वाचित कार्यसमितिलाई प्रमाणपत्र हस्तान्तरण गरेका छन्।

# 'अधिकार प्रत्यायोजन गर्न नसक्दा आवश्यकता पुरा गर्न नसकिएको'

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले संघीयताको मर्म अनुसार अधिकार प्रत्यायोजन गर्न नसक्दा जनताका आवश्यकता पुरा गर्न नसकिएको बताउनु भएको छ।

पोखरा ३ र १ को सिमानामा पर्ने तुल्सीघाट सडक तथा नालाको एक समारोहका बिच बुधबार उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो। जनताका धेरै आवश्यकता भएकोले संघिय सरकारले समयमै नियम कानून तथा अधिकारहरु



दिन नसक्दा आफुहरुले चाहेर पनि धेरै काम गर्न नसकिएको मन्त्री बरालको भनाई थियो।

अझै पनि प्रतिगम बिरुद्ध जनताहरु एक भई संघिय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सचेत रहन मन्त्री बरालले आग्रह गर्नु भयो।

नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले हरेक संघ संस्थामा पारदर्शी र आर्थिक शुसासन आवश्यक भएको बताउनु भयो। पोखरा महानगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष शारदा पराजुली, २ का वडा अध्यक्ष रामेश्वर मल्ल, ३ का वडा अध्यक्ष रविन्सन प्रजु लगायतले वोल्नु भएको थियो। पोखरा १ र ३ को सिमानामा पर्ने तुलसीघाट पूर्वाधार एवं बाटो निर्माण समितिको आयोजनामा अर्थ मन्त्री बरालको प्रदेश सांसद विकास कोषको २५ लाख रुपैया विनियाृजन भई उक्त भौतिक संरचना निर्माण भएको समितिका अध्यक्ष सहदेव बानियाले बताउनु भयो।

साथै मन्त्रीको पहलमा गत बर्ष थप १० लाख विनियोजन भए पनि अन्तिम समयमा काम गर्दा २ लाख ५५ हजार मात्र खर्च भएको कोषाध्यक्ष शारदा पौडेलले बताइन्। अपुग रकम स्थानिय एवं केही व्यवसायीहरुबाट रकमको जोहो गरिएको सदस्य बिष्णु बास्तोलाले बताउनु भयो। मन्त्री बराल सहितको टोलीले बुधबार तुल्सीघाटमा समेत पुगेर बाढीको जोखिममा रहेको घाटको समेत अवलोकन गर्नू भएको शोभा गुरुङले बताउनु भयो।

# थप १२७ जनामा संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, १८ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप १२७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ भने थप तीन जनाले ज्यान गुमाएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय छ हजार ८७४ को परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या नौ लाख ७७ हजार १९९ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या एक लाख ३९ हजार हजार ४५७ रहेको छ। पछिल्लो समय थप ३२१ सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ५७ हजार ४८८ पुगेको छ। हालसम्म कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९४१ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप तीन जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। यस सङ्क्रमणबाट मृत्यु हुने दर १.२ प्रतिशत रहेको छ। त्यसैगरी पछिल्लो समय ३५ हजार ७८८ ले खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ७७० रहेका छन्। हाल होम आइसोलेसनमा सात हजार ५८० रहेका छन्। त्यसैगरी संस्थागत आइसोलेसनमा १९० आइसीयुमा ६८ र भेन्टीलेटरमा १० जनाले उपचार गराइरहेका छन्।

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पोखरा...

भएसँगै सुदूरपश्चिममा आन्तरिक तथा बाह्य पर्यटक बढ्ने अपेक्षा गरिएको बताउनुभयो।

नाटा सुदूरपश्चिमका महासचिव पदमविक्रम सिंहले मुक्तिनाथ र पोखरा भ्रमण गर्न चाहने भारतीयका साथै आन्तरिक पर्यटकलाई समेत लक्षित गरी पोखरा-धनगढीको सिधा हवाई सेवा सञ्चालन गर्न बुद्धएयर सहमत भएको बताउनुभयो। "अहिलेसम्म हामी पर्यटकका लागि काठमाडौंको मात्र प्याकेज बनाउन पाउँथ्यौं, सिधा हवाई सेवा सुरु हुँदा अब पर्यटकका लागि पोखराको पनि प्याकेज बनाउन पाउने भयौं", उहाँले भन्नुभयो, "यसले आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने छ।" नाटा सुदूरपश्चिमले विगत केही वर्षदेखि नै पोखरा-धनगढीको सिधा हवाई सेवा सुरु गर्न विमान कम्पनीसँग आग्रह गर्दै आएको थियो। धनगढी विमानस्थलबाट काठमाडौं-धनगढी-काठमाडौंसम्म बुद्धएयरलगायतका निजी विमान कम्पनीले दैनिक हवाई सेवा सञ्चालन गर्दै आएका छन्।

# गृहमन्त्री खाँणसँग राजदूत बेरीको भेट

**रासस**
**काठमाडौं, १८ फागुन**

गृहमन्त्री बालकृष्ण खाँणसँग नेपालका लागि अमेरिकी राजदूत ऱ्याण्डी बेरीले भेट गर्नुभएको छ।

गृह मन्त्रालयमा बुधबारउहाँहरुबीच भएको भेटमा दुई देशबीचको सम्बन्ध तथा अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) सदनबाट अनुमोदन विषयमा केन्द्रित रही छलफल भएको थियो। सो अवसरमा गृहमन्त्री खाँणले अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) कार्यान्वयन गरी अघि बढाउने सन्दर्भमा राजदूत बेरी र अमेरिकी सरकारको साथ र सहयोगप्रति आभार व्यक्त गर्नुभयो। गृहमन्त्री खाँणले प्रधानमन्त्री शेरबहादुर देउवा एमसीसी अनुमोदन गराउन सत्तामा हुँदा मात्र नभई प्रतिपक्षीमा हुँदासमेत दृढ र स्पष्ट विचार राख्दै आएको जानकारी गराउनुभएको थियो। "प्रधानमन्त्री देउवा एमसीसी पास गराउन दृढ हुनुहुन्थ्यो। उहाँ प्रतिपक्षमा रहँदा पनि एमसीसी पास गर्न स्पष्ट विचार राख्दै आउनुभएको हो", सो अवसरमा गृहमन्त्री खाँणले भन्नुभयो, "सबै राजनीतिक दललाई साथमा लिएर अगाडि बढ्न र एमसीसीको विषयले वर्तमान सरकारलाई असर नगरोस् भन्नेमा प्रधानमन्त्री चिन्तित रहनुभएकाले सफलता प्राप्त भयो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# पोखराको विकासमा हातेमालो गरौँ

पर्यटकीय शहर पोखरा देशका प्रमुख शहरसंग हवाई सम्बन्ध जोडिएको छ । गण्डकी प्रदेशको राजधानी पोखरासंगको हवाई सेवाले सहज बनाएको छादेश संघीयतामा गएपछि गण्डकी प्रदेश सरकारले सातै प्रदेशको राजधानीसंग सिधा हवाई सेवा पुऱ्याउने योजना बनाएको थियो । कर्णाली प्रदेशको राजधानी बीरेन्द्रनगर सुर्खेतमा सिधै हवाई सेवा पुग्ने बाँकी छा पोखरा आउन चाहने आन्तरिक पर्यटकलाई समेत सहज यातायात हवाई सेवा हो । निजी क्षेत्रका हवाई कम्पनीले हवाई सेवा दिन तयार हुनु सुखद कुरा हो । निजी क्षेत्रको बुद्ध एयरलाइन्सले पोखरा-धनगढी-पोखरासम्म सीधै हवाई सेवा सुरु गरेको छ ।

धनगढी विमानस्थलमा नेपाल एसोसिएसन अफ टुर्स एन्ड ट्राभल्स एजेन्ट (नाटा) सुदूरपश्चिमका पदाधिकारीले पोखराबाट धनगढीका लागि उडान भरेको पहिलो बुद्ध एयरका १८ यात्रुलाई स्वागत गर्नुका साथै धनगढीबाट पोखरा जाने यात्रुलाई बिदाइ गरे। पोखरामा पुर्वको विराटनगरदेखि सुदूरपश्चिमको धनगढीसम्म हवाई सेवाले सहजता दिएको छ । पोखरादेखि धनगढीसम्मको सिधा हवाई सेवा सुरु भएसँगै सुदूरपश्चिमका बासिन्दाले काठमाडौं हुँदै पोखरा जानुपर्ने बाध्यता हटेको छ। समय र पैसाको समेत बचत हुने अपेक्षा पर्यटन ब्यवसायिले गरेका छन ।

'पोखरा-धनगढी-पोखरासम्म आइतबार, बुधबार र शुक्रबार गरी हप्तामा तीन उडान भर्ने गरी हवाई सेवा दिन सुरु गरेको छ। मुक्तिनाथ र पोखरा भ्रमण गर्न चाहने भारतीयका साथै आन्तरिक पर्यटकलाई समेत लक्षित गरी पोखरा-धनगढीको सिधा हवाई सेवा सञ्चालन गर्न बुद्ध एयर सहमत भएको छ । 'पर्यटकका लागि काठमाडौंको मात्र प्याकेज बनाउने गरेका थिए ।, सिधा हवाई सेवा सुरु हुँदा अब पर्यटकका लागि पोखराको पनि प्याकेज बनाउन पाउने भएका छन । आन्तरिक पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउन प्रमुख शहरमा सिधा हवाई सेवा हुनुपर्छ ।

पोखराका पर्यटन व्यवसायिले दुई दशकअघिदेखि शुरु गरेको जाउँ है पोखरा अभियानलाई सिधै हवाई सेवाले सघाउँछ । पोखरामा बनेको अन्तर र्ष्ट्रिय विमानस्थल संचालनमा आउनु अगावै देशका प्रमुख शहरमा सिधा हवाई सेवा पुऱ्याउने अभियानमा पोखराका जनप्रतिनिधि, राजनीतिक दल, पर्यटन व्यवसायि र नागरिक समाजको हातेमालो चाहिन्छ ।पोखरा अन्तर्राष्ट्रिय शहरको रुपमा विकास गर्ने लक्ष्यमा पुग्न सबै क्षेत्रमा अग्रणी भूमिका अपेक्षित छ । त्यसको नेतृत्व राजनीतिक तहले गर्नु आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : सहयोग मिल्नेछ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# निःशुल्क शल्यक्रियासमेत गर्दैनन् 'हाइड्रोसिल'का बिरामी

पोखरापत्र संवाददाता
बागलुङ, १८ फागुन

सामान्यतया पुरुषको अण्डकोष सुन्निने रोग हो हाइड्रोसिल तर हाइड्रोसिलका कारण हात्तीपाइले रोगको सङ्क्रमण पनी हो । हात्तीपाइलेका कारण ८० प्रतिशतमा हाइड्रोसिल हुन सक्ने स्वाथ्यकर्मीले बताउँदै आएका छन् ।

बागलुङमा सरकारले चाहेको समयमा हात्तीपाइले निवारण हुन सकेको छैन,त्यसैले हाइड्रोसिलका बिरामीहरू बढिरहेका छन् । हात्तीपाइलेका कारण हाइड्रोसिलका बिरामीसमेत बढ्दै गएको स्वास्थ्य कार्यालयले जनाएको छ। अण्डकोषमापानी भरिने समस्यालाई मेडिकल भाषामा हाइड्रोसिल भनिन्छ। कसैकसैलाई यसले लामो समय दुःख दिने गरेको हुन्छ । लाजशरमका कारण यस्ता अङ्गमा लागेको रोग लुकाएर राख्दा वा उपचार पद्धतिबारे थाहा नहुँदा हाइड्रोसिलको समस्या जिल्लामा झनै बढेर गएको पाइएको छ । स्वास्थ्य कार्यालयले यही फागुन २८ गतेदेखि १३औँ चरणको हात्तीपाइले विरुद्धको आम औषधि सेवन सञ्चालन गर्ने भएको छ । तर ६ वर्षमा निवारण हुने हात्तीपाइले १३ वर्षमा समेत निवारण हुन सकेको छैन । जिल्लामा हात्तीपाइले निवारण गर्नका लागि हाइड्रोसिलको शल्यक्रियासमेत गर्न आवश्यक भए पनि हाइड्रोसिल भएका बिरामीले शल्यक्रिया गर्नै नमान्ने स्वास्थ्य कार्यालयका प्रमुख सुरज गुरौले जानकारी दिनुभयो । जिल्ला स्वास्थ्य कार्यालयको सम्पर्कमा अहिले १६२ जना हाइड्रोसिलका बिरामी रहेको भए पनि अहिलेसम्म नौजनाको मात्रै शल्यक्रिया भएको छ । "जिल्लामा हात्तीपाइलेको निवारण हुन सकेको छैन, हात्तीपाइलेको मुख्य लक्षण भनेको खुट्टा र अण्डकोष सुन्निने हुन्छ, खुट्टाको कुनै उपचार छैन तर अण्डकोषको शल्यक्रिया गर्न सकिन्छ," उहाँले भन्नुभयो, "चेतनाको अभावमा निःशुल्क शल्यक्रिया हुने हाइड्रोसिलका बिरामीहरूले शल्यक्रिया गर्न नमानेको अवस्था जिल्लामा विद्यमान छ ।" स्वास्थ्य कार्यालयले गत आर्थिक वर्षमा जम्मा सातजनाको हाइड्रोसिलको शल्यक्रियाका लागि सिफारिस गरेको थियो भने अहिले जम्मा नौजनालाई सिफारिस गरिएको जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माले जानकारी दिनुभयो । हाइड्रोसिलको उपचार भनेको शल्यक्रिया नै भए पनि नागरिकले हाइड्रोसिललाई लुकाएर राखेको स्वास्थ्य कार्यालयको भनाइ छ । हाइड्रोसिलको उपचार निःशुल्क हुने भए पनि यातयात खर्चको अभावमा समेत कतिपय हाइड्रोसिलका बिरामी शल्यक्रियाका लागि नआउने गरेको समेत पाइएको छ । हात्तीपाइलेका कारण हाइड्रोसिल भएको छ भने हात्तीपाइलेको सङ्क्रमण अन्यलाई समेत सार्न सक्ने भएकाले शल्यक्रियामार्फत उपचार गर्नुपर्ने स्वास्थ्य कार्यालयको भनाइ छ । आम औषधि सेवनमा बेवास्ता गर्दा जिल्लाको नारायणस्थान र कुश्मिसेरामा हात्तीपाइलेको प्रकोप अझै रहेका कारण सिङ्गो जिल्लाले हात्तीपाइले विरुद्धको औषधि १३ पटकसम्म खाने अवस्था रहेको छ । क्युलेस जातको लामखुट्टेबाट सर्ने हात्तीपाइले नेपालको १० जिल्लामा मात्रै निवारण हुन सकेको छैन । हर्निया नभएको अवस्थामा पनि हाइड्रोसिल हुन सक्छ । कतिपय अवस्थामा भने हर्नियाका कारणले पनि हाइड्रोसिल हुने गरेको चिकित्सकले जनाएका छन् ।

# शिव मन्दिर सेवा समिति पोखरा २८ को अध्यक्षमा पौडेल

पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन



पोखरा महानगरपालिका २८ कालिका बिमिरापानीमा अवस्थित शिव मन्दिर सेवा समितिको भेलाले मनोहरि पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

समितिको उपाध्यक्षमा शंकर पौडेल सचिवमा सफल पौडेल सह सचिवमा संगिता पौडेल कोषाध्यक्षमा सन्जय रानाभाट रहेका छन् भने सदस्यहरूमा श्रीराम पौडेल, रन्जित पौडेल, सुवास पौडेल,सन्जय पौडेल रहेका छन् । समितिको सल्लाहकारमा दुर्गा प्रसाद पौडेल, रुद्र प्रसाद पौडेल, राधिका पौडेल,नारायण प्रसाद पौडेल, राधिकादेवि पौडेल, बाबुराम राना रहेका छन् ।

नव निर्वाचित समितिका अध्यक्ष मनोहरि पौडेलले समितिको पहिलो काम एक वर्ष भित्र मन्दिर पुनःनिर्माण गरिने प्रतिवद्वता प्रकट गर्दै यसमा सवै गाँउवासी दाजुभाईदिदीबहिनीहरू लगाएत सम्वन्धित निकाएको सयोग र साथको जरूरी रहेको बताए । २०३७ सालमा तत्कालीन समाजसेवी शिव प्रसाद पौडेलले स्थापना गरेको उक्त शिव मन्दिर हाल निकै जिर्ण अबस्थामा रहेको छ ।

उक्त कार्यक्रममा मन्दिर निर्माणको लागि सल्लाहकार दुर्गा प्रसाद पौडेलले पच्चीस हजार अर्का सल्लाहकार रूर्द्र प्रसाद पौडेलले दश हजार समाजसेवी भोज वहादुर रानाभाटले सात हजार र बयोबृद्ध चौरानब्बे वर्षिय विष्णुमाया पौडेलले दुई हजार सयोग गर्ने घोषणा गरेका थिए ।

# ३५ हजार माछाका भुरा वितरण

पोखरापत्र संवाददाता
वालिङ, १८ फागुन

मत्स्य विकास केन्द्र मिर्मीले दुई पालिकाका किसानलाई ३५ हजार माछाका भुरा वितरण गरेको छ । स्याङ्जाको वालिङ र पुतलीबजार नगरपालिकाका किसानलाई माछाका भुरा वितरण गरिएको हो ।

किसानको मागका आधारमा माछाका भुरा वितरण गरिएको केन्द्रका प्रमुख रविनसन अधिकारीले जानकारी दिनुभयो । गण्डकी प्रदेशका ११ वटै जिल्ला कार्यक्षेत्र रहेको सो केन्द्रले पहिलो चरणमा स्याङ्जामा भुरा वितरण गरेको हो । उहाँले भन्नुभयो, "केन्द्रको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत भुरा उपलब्ध गराएका हौँ ।"

वालिङ नगरपालिकामा १९ माछापालक फार्मका किसानलाई १६ हजार माछाका भुरा वितरण गरिएको पशु शाखा वालिङका प्रमुख डा वसन्त अधिकारीले बताउनुभयो । पोखरीको क्षमता हेरेर विभिन्न जातका माछाका भुरा उपलब्ध गराएको उहाँको भनाइ छ । "यसले व्यावसायिक उत्पादनमा जोड दिँदै माछामा आत्मनिर्भर बनाउने अभियानमा सहयोग पुग्ने छ ।"

केन्द्रले बिग हेड कार्प, सिल्भर कार्प, रोहु, नैनी जातका माछाका भुरा वितरण गरेको हो । माछापालन पछिल्लो समय व्यावसायिकरूपमा अगाडि बढेको वालिङ नगर उपप्रमुख कल्पना तिवारीले बताउनुभयो । "माछापालनतर्फ किसानको आकर्षण बढ्दै गएको छ, वालिङमा आवश्यक पर्ने माछा यहीँ उत्पादन गर्न सकिन्छ", उहाँले भन्नुभयो । व्यावसायिक उत्पादनका लागि नगरपालिकाले यहाँका किसानलाई अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै उत्पादित वस्तुको बजारीकरणका लागि पनि आवश्यक सहयोग गर्दै आएको छ।

# स्वदेश ल्याइयो हराएका पुरातात्विक सम्पदा

–नारायण ढुङ्गाना
काठमाडौं, १८ फागुन

नेपालको चौधौँदेखि १७ औँ सताब्दीका पुरातात्विक सम्पदा स्वदेश ल्याइएको छ । चोरी गरी अमेरिका पुऱ्याइएका सम्पदाले सयौँ वर्षपछि उत्पत्तिस्थलमा आइपुगेको छ । अमेरिकाबाट ल्याइएको तीन थान सम्पदा एक समारोहका बीच आज पुरातात्विक विभागलाई हस्तान्तरण गरिएको छ। हस्तान्तरण समारोहमा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले र सचिव महेश्वर न्यौपानेको उपस्थिति थियो ।

अमेरिकाको एक सङ्गहालय र एक ग्यालरीमा राखिएका उक्त (तीन थान) सम्पदा कूटनीतिक पहल गरी स्वदेश ल्याइएको छ । यसरी ल्याइएकामा काठको कलात्मक तोरण, उडिरहेको गन्धर्वको आकृति कुँदिएको काष्ठकला र मल्लकालीन ध्यानमुद्रामा रहेको प्रस्तरको बुद्धको मूर्ति रहेको छ । फिर्ता गरिएका पुरातात्विक महत्वका तीन वस्तुमध्ये 'रुविन म्युजियम अफ आर्ट' अमेरिकाबाट प्राप्त भएका दुई वटा छन् । जसमध्ये एउटा सत्रौँ सताब्दीको कलात्मक काष्टतोरण रहेको छ, जुन ललितपुरको यम्पीमहाविहार (इवही) को प्रवेशद्वारमाथि रहकोमा मर्मत गर्ने क्रममा झिकिएको थियो । सन् १९८५ पछि कुनै वर्ष उक्त वस्तु चोरी भएको थियो । अर्को १४औँ शताब्दीतिरको उडिरहेको गन्धर्वको आकृति कुँदिएको काठको कलात्मक वस्तु रहेको छ । उक्त सम्पदा काठमाडौँ महानगरपालिका-२४ को इटुम्बहाल परिसरमा रहेको शाक्यको कूलपूजा गर्ने देवाली घरको अगाडि पहिलो तलामा रहेको दायाँतर्फको झ्यालमा रहेको थियो । सन् १९९७ मा उक्त सम्पदा हराएको थियो । यसरी हराएको सम्पदा विभिन्न माध्यम हुँदै अन्त्यमा दातामार्फत उपहारको रुपमा अमेरिकाको उक्त सङ्ग्रहालयमा पुगेको पाइएको छ । उक्त वस्तु फिर्ताका लागि म्युजिएमले आफ्नै प्रयासमा अध्ययन गरी स्वेच्छिकरूपमा दिने आशय प्रकट गरेपछि कूटनीतिक पलहमा ल्याइएको हो । सम्पदा लिएर उक्त म्युजिएमका कार्यकारी निर्देशक जारिट वित्स्ची र उक्त सङ्ग्रहालयका प्रबन्ध निर्देशक मिचेल वेनेट सिमोरेल्ला आउनुभएको थियो । सङ्ग्रहालयले आफ्नै खर्चमा सम्पदा ल्याएको जानकारी गराइएको छ। त्यस्तै अर्को एउटा भने अमेरिकाको न्युयोर्कस्थित तिबेत हाउस ग्यालरीबाट ल्याइएको हो। १३औँ सताब्दीको मल्लकालीन ध्यानमुद्रामा रहेको प्रस्तरको बुद्धको मूर्ति रहेको छ । उक्त मूर्ति श्री सभानन्दा नामका बौद्ध अनुयायीले उक्त स्थानमा संरक्षण गरी राख्नु भनी उपहारस्वरूप छाडेर गएका पाइएको छ। उक्त मूर्ति काठमाडौँको ओमबहालस्थित न्हुछेबहाको रहेको छपाइएको छ। त्यहाँबाट कसैले चारी गरी लगेको थियो । उक्त मूर्तिको मूल्य ३० हजार डलर (रु ३० लाख बढी) रहेको छ। १७औँ सताब्दीको काठको कलात्मक तोरणको मूल्य एक लाख १० हजार अमेरिकी डलर (रु एक करोड १० लाख बढी) र १४औँ सताब्दीको उडिरहेको गन्धर्वको आकृति कुँदिएको काष्ठकला २२ हजार डलर (रु २२ लाख बढी) मूल्यको रहेको पुरातत्व विभागले जनाएको छ । विभागद्वारा आज यहाँ आयोजित सम्पदा हस्तान्तरणका क्रममा मन्त्री आलेले सांस्कृतिक धरोहर प्राप्त भएकोमा खुसी व्यक्त गर्दै आफ्नै खर्चमा नेपाल ल्याएर हस्तान्तरण गरेकोमा सङ्ग्रहालयका प्रतिनिधिलाई धन्यवाद दिनुभयो । सचिव न्यौपानेले यस्ता पुरातात्विक तथा ऐतिहासिक सम्पदा विदेशमा अझै रहेकाले त्यसलाई पनि कूटनीतिक पहल गरी ल्याउने प्रयास भइरहेको बताउनुभयो ।

चोरी तस्करी सबैभन्दा ठूलो चुनौतीको रूपमा रहेको छ । केही अघिमात्रै ललितपुरको बालकुमारीको मूर्ति चोरी भएकोमा प्रहरीको कडा निगरानीका कारण विदेशी निकासी गर्न नसकेपछि तस्करीले छाडेका अवस्थामा भेटिएको थियो ।

सन् १९५० पूर्व नेपालबाट कति यस्ता वस्तु बाहिरिए त्यसको अभिलेख छैन तर विश्वका विभिन्न प्रख्यात सङ्ग्रहालयमा यस्ता कलात्मक वस्तु रहेको पाइएको छ। हजारौँ सङ्ख्याका वस्तु बाहिरिएको सरकारी अधिकारीसमेत पुष्टि गर्छन् । पर्यटनको विकासका लागि १९७० देखि ९० को दशकमा बढी यस्ता वस्तु निकासी भएको अनुमान छ । हालसम्म बेलायतबाट १९, अष्ट्रियाबाट एक, अमेरिकाबाट १४, तिब्बतबाट १८, कोलकाताबाट १३, जमैनीबाट एक थान गरी ७६ थान मूर्ति तथा कलात्मक वस्तु फिर्ता ल्याइसकिएको छ । अमेरिका फ्रान्स, बेलायत, अष्ट्रेलियाजस्ता देशबाट अन्य केही वस्तुको फिर्ताका लागि कूटनीतिक पहल भइरहेको छ ।

# आन्तरिक विप्रेषणको सीमा घट्यो

रासस
काठमाडौं, १८ फागुन

नेपाल राष्ट्र बैंकले आन्तरिक विप्रेषणको सीमा घटाएको छ । केन्द्रीय बैंकले बुधबारदेखि लागू हुनेगरी रकम स्थानान्तरणको सीमा घटाएको हो ।

राष्ट्र बैंकले स्वदेशमा रकम स्थानान्तरण गर्नेसम्बन्धमा आज एक सूचना जारी गर्दै विप्रेषण कम्पनीका 'सब एजेन्ट' वा 'सब रिप्रिजेन्टेटिभ'हरूले स्वदेशमा कारोबार गर्दा प्रतिव्यक्ति, प्रतिकारोबार प्रतिदिन रु २५ हजारसम्म मात्रै गर्न पाउने व्यवस्था गरेको छ । यसअघि यस्तो आन्तरिक विप्रेषण कारोबारको अधिकतम सीमा रु एक लाखसम्म थियो । केन्द्रीय बैंकले विदेशबाट नेपालस्थित सम्बन्धित व्यक्ति वा आफन्तलाई पठाएको विप्रेषण रकम नगदमै भुक्तानी गर्न सकिने सीमामा भने कुनै परिवर्तन नगरिएको जनाएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ परिवर्तन टोल विकास संस्था अन्तर्गत छबिसे मार्ग कच्ची बाटो ढलान कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नाम: परिवर्तन टोल विकास संस्था अन्तर्गत छबिसे मार्ग कच्ची बाटो ढलान पोखरा -१४
योजना सम्झौता मिति : २०७८/१०/०२ गते
योजना सम्पन्न हुने मिति: २०७८/१२/०२ गते
योजना सम्पन्न मिति : २०७८/११/११ गते
योजनाको कुल लागत : रु. ६,२५,०००|-
वडा कार्यालयबाट प्राप्त रकम : रु.५,००,०००|-
जनसहभागितावाट : रु.१,२५,०००|-
उपभोक्ता समिति अध्यक्ष: गोविना दुरा
सचिव: चोलाकान्त ढकाल
अनुगमन: रामप्रसाद पोख्रेल

**परिवर्तन टोल विकास संस्था अन्तर्गत छबिसे मार्ग कच्ची बाटो ढलान निर्माण समिति पोखरा-१४**

# मुक्तिनाथ च्यवनधाममा कृत्रिम हिमाल

**पोखरापत्र संवाददाता**
**दमौली, १८ फागुन**

तनहुँको शुक्लागण्डकी नगरपालिका-२ गाछेपानीस्थित मुक्तिनाथ च्यवनधाममा कृत्रिम हिमाल निर्माण गरिएको छ । गण्डकी प्रदेश सरकारको रु २० लाख लगानीमा कृत्रिम हिमाल निर्माण गरिएको हो ।

यहाँ रहेको १०८ धाराको माथिपट्टि निर्माण गरिएको कृत्रिम हिमालको महाशिवरात्रिको अवसरमा मङ्गलबार उद्घाटन गरिएको छ । गण्डकी प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री आशा कोइरालाले कृत्रिम हिमालको उद्घाटन गर्दै मुक्तिनाथ च्वयनधाम गण्डकी प्रदेशकै धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास भएको बताउनुभयो । कृत्रिम हिमाल निर्माणसँगै उक्त ठाउँ आकर्षक देखिएको र यहाँ आन्तरिक पर्यटकको चहलपहल सुरु भएको धामका उपाध्यक्ष अर्जुन लम्सालले जानकारी दिनुभयो । अन्नपूर्ण हिमश्रृङ्खलाको झल्को दिने गरी हिमालय आकृति निर्माण गरिएको छ । मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम मिलेनियम पथको सुरुआती बिन्दु हो । सन् २००० देखि सुरु भएको तनहुँ र स्याङ्जालाई जोड्ने ७२ किलोमिटर दूरीको मिलेनियम पथ यहीँबाट सुरु हुन्छ । च्यवनधामको नजिकै सेती नदीमा बग्ने पानीको वहावले कुँदेर बनाएको प्राकृतिक ढुङ्गे बगैँचाले जोकोहीलाई लोभ्याउन सक्छ ।

च्यवनधामलाई तनुहँकै उत्कृष्ट गन्तव्य बनाउन स्थानीवासीसँग स्थानीय सरकारले हातेमालो गरिरहेको वडाध्यक्ष जगतबहादुर गुरुङले बताउनुभयो । मिनी मुक्तिनाथको अवधारणा भएको हुँदा पूर्वाधार निर्माणमा नगरले वर्षेनी बजेट विनियोजन गर्दैआएको छ । पृथ्वी राजमार्ग नजिकै सेती नदी रहेको छ । गाछेपानीस्थित सेती नदी ढुङ्गाले भरिएका किनारको स्वरुप एक दशकमा फेरिएको छ । दिउँसै डरलाग्दो त्यो नदी छेउको थुम्को पवित्र धाम बनेको छ । झकिझकाउ मन्दिर ठड्याइएको छ ।

धार्मिक पर्यटकको गतिलो गन्तव्य बनेको छ । एक्लै हिँड्न पनि डरलाग्ने कुरुप साघुँरो ठाउँ फेरिएर यति सुन्दर र फराकिलो पर्यटकीय गन्तव्य बन्ला भन्ने गाछेपानीवासीले सोचेका पनि थिएनन् । त्यही किनारको स्वरूप फेरिएको छ । गाछेपानीवासीको एकताले यस ठाउँलाई तनहुँकै चर्चित धार्मिकस्थल बनाउन सफल भएका छन् । नदी छेउको थुम्को मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम (मिनी मुक्तिनाथ)को नामले कहलिएको छ । यस ठाउँ भगवान् शिवजीप्रति आस्थावान् भक्तजनको आकर्षणको केन्द्र बनेको छ । हिन्दू धर्मको मात्र होइन, च्यवनधाम बौद्ध धर्मलम्बीको पनि आस्थाको थलो हो । विसं २०६५ मा नदी किनारमा रहेको यो जग्गा पहुँचवालाले कसैले हडप्न नखोजेको भए यो परिवर्तन सम्भव थिएन । यहाँको २३ रोपनी जग्गा हडप्न खोजिएको भए पनि स्थानीयवासीले जग्गाको संरक्षण गरेका थिए । जग्गा संरक्षणको दुई वर्षपछि २०६७ सालमा काठमाडौँ बस्दै आउनुभएका ऋषिगुरु श्रीराम पौडेलसँग स्थानीयवासीको सम्पर्क भयो । पौडेलले सेतीको तिर तपोभूमि भएको सुनाउनुभयो । त्यसो त शुक्लागण्डकी क्षेत्र च्यवन ऋषिको तपोभूमिको रुपमा पनि परिचित थियो । त्यही वर्षको कात्तिकमा मन्दिर सहितका पूर्वाधार निर्माणका लागि लालप्रसाद गर्तौलाको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरिएको थियो । माघमा यो क्षेत्रलाई श्री मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम नामकरण गरियो । समिति मन्दिर बनाउन कस्सिए पनि आर्थिक अभाव आइलाग्यो । देशभर आर्थिक सङ्कलनका लागि महायज्ञ गर्ने परम्परा चलेको बेला त्यसैलाई अनुशरण गर्ने उपाय समितिले निकालेको थियो । पूर्वाधार निर्माणमा आर्थिक सङ्कलन गर्ने उद्देश्यले सोही वर्षको चैत १० देखि १७ गतेसम्म सञ्चालन भएको महायज्ञमा रु एक करोड ५० लाख आर्थिक सङ्कलन भएको थियो । त्यसपछि मन्दिरमा पूर्वाधार निर्माणको क्रम सुरु भएको हो । मन्दिरको अलवा मुक्तिनाथकै झल्को दिने १०८ धारा, १०८ ओमकार कल्पवृक्ष, १०८ शिवलिङ्ग, मोक्षकुण्ड, वृद्धाश्रम, उद्यानलगायतका संरचना बनाइएको छ । बौद्ध धर्मावलम्बीको लक्षित गर्दै बौद्धगुम्बा पनि च्यवनधाम परिसरमा छ । बौद्ध धर्मावलम्बीको जागरुपतालाई सम्मान गर्दै गुम्बा पनि बनाएको छ । यहाँ बनाईएको गुम्बाले एकअर्काको धर्मलाई सम्मान गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्ने सापकोटाको भनाइ छ ।

मन्दिर क्षेत्रमा एक दशकको अवधिमा रु तीन करोड बढी पूर्वाधार निर्माणमा लगानी गरिएको छ । उक्त रकम दान सङ्कलनसँगै सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि उपलब्ध गराएका छन् । च्यवनधाममा नयाँ वर्ष, साउने सोमबार, कृष्ण अष्टमी, बाला चतुर्दशी र शिवरात्रिमा भक्तजनको बढी घुइँचो लाग्छ । प्रत्येक वर्षको साउन महिनामा शिवपुराण लगाउने गरिएको छ ।

# बेनी-जोमसोम सडकको म्याग्दीमा सुरुङ बनाउन निर्देशन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १८ फागुन**

राष्ट्रिय योजना आयोगले बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा सुरुङ बनाउन सम्भाव्यता अध्ययन गर्न निर्देशन दिएको छ ।

उत्तर-दक्षिण जोड्ने कालीगण्डकी कोरिडोर, बेनी-जोमसोम-कोरला सडक आयोजनाको अनुगमनमा आउनुभएका आयोगका उपाध्यक्ष विश्वनाथ पौडेलले म्याग्दी खण्डमा सुरुङ र उपल्लो मुस्ताङमा कालोपत्रको अध्ययन गर्न निर्देशन दिनुभएको हो । आयोजनाका प्रमुख जगत प्रजापतिले टोलीले पहिरो, कमजोर भुगोल र चट्टानी पहाड भएको म्याग्दी खण्डका दुई स्थानमा सुरुङ र उपल्लो मुस्ताङमा निर्माण भएको सडकलाई कालोपत्र गर्ने निर्देशन दिनुभएको बताउनुभयो ।

"कमजोर भूगोल र चट्टानी पहाड भएको भिरकाटे र रुप्से खण्डमा सडकको विकल्पमा सुरुङ बनाउनका लागि अध्ययन गर्न निर्देशन दिनुभयो", उहाँले भन्नुभयो, "ग्राभेल भएको जोमसोम-कोरला खण्डको सडक कालोपत्र गर्ने योजना अघि बढाउन उपाध्यक्षले निर्देशन दिनुभएको छ ।" सडकलाई दिगो र सुरक्षित बनाउन जोखिमयुक्त ठाउँमा सुरुङ बनाउने विकल्प रोज्नुपर्ने उपाध्यक्ष पौडेलको भनाइ थियो । कोरला नाका भएर व्यापार गर्न तथा परम्परागत र ऐतिहासिक गुम्बाको धार्मिक पर्यटन विकासका लागि उक्त कार्य आवश्यक भएको उहाँ बताउनुहुन्छ । मुस्ताङ र डोल्पा जोड्ने सडकलाई पनि प्राथमिकता दिनुपर्नेमा पौडेलले जोड दिनुभयो । आयोजनाले भिरकाटेमा ३५० मिटर सुरुङको प्रारम्भिक अध्ययन गरिसकेको प्रमुख प्रजापतिले बताउनुभयो । चीन र भारत जोड्ने नेपालको छोटो दूरीको कालीगण्डकी कोरिडोर सडक राष्ट्रिय गौरवको आयोजना हो ।

विसं २०७४ देखि सुरु गरिएको बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा नदी कटान र बाढीपहिरोको समस्या छ । एक सय ८६ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडकको १३ मध्ये जोमसोम-कोरला खण्डको ६ खण्डको स्तरोन्नति सकिएको छ ।

आइतबार मुस्ताङ आएको उपाध्यक्ष पौडेल, सहसचिव राजेन्द्र पौडेल, सङ्घीय सडक सुपरिवेक्षण तथा अनुमगन कार्यालयका इन्जिनीयर ललिजन खनाल र तिब्बती भाषाविद् पुण्यप्रसाद पराजुलीको टोली मङ्गलबार काठमाडौँ फर्किएको छ ।

प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले आयोगको टोलीले बेनी-जोमसोम-कोरला सडक र उपल्लो मुस्ताङका गुम्बाको अनुगमन गरेको बताउनुभयो । स्थलगत निरीक्षणपछि टोलीले जोमसोममा जनप्रतिनिधि, कार्यालय प्रमुख र सरोकारवालासँग छलफल गरेको थियो । मुस्ताङमा सञ्चालित कृषि परियोजना र त्यसको प्रभावकारिताको विषयमा समेत टोलीले मार्फाका किसानसँग छलफल गरेको थियो ।


# मुक्तिनाथ च्यवनधाममा कृत्रिम हिमाल

**पोखरापत्र संवाददाता**
**दमौली, १८ फागुन**

तनहुँको शुक्लागण्डकी नगरपालिका-२ गाछेपानीस्थित मुक्तिनाथ च्यवनधाममा कृत्रिम हिमाल निर्माण गरिएको छ । गण्डकी प्रदेश सरकारको रु २० लाख लगानीमा कृत्रिम हिमाल निर्माण गरिएको हो ।

यहाँ रहेको १०८ धाराको माथिपट्टि निर्माण गरिएको कृत्रिम हिमालको महाशिवरात्रिको अवसरमा मङ्गलबार उद्घाटन गरिएको छ । गण्डकी प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री आशा कोइरालाले कृत्रिम हिमालको उद्घाटन गर्दै मुक्तिनाथ च्वयनधाम गण्डकी प्रदेशकै धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास भएको बताउनुभयो । कृत्रिम हिमाल निर्माणसँगै उक्त ठाउँ आकर्षक देखिएको र यहाँ आन्तरिक पर्यटकको चहलपहल सुरु भएको धामका उपाध्यक्ष अर्जुन लम्सालले जानकारी दिनुभयो । अन्नपूर्ण हिमश्रृङ्खलाको झल्को दिने गरी हिमालय आकृति निर्माण गरिएको छ ।

मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम मिलेनियम पथको सुरुआती बिन्दु हो । सन् २००० देखि सुरु भएको तनहुँ र स्याङ्जालाई जोड्ने ७२ किलोमिटर दूरीको मिलेनियम पथ यहीँबाट सुरु हुन्छ । च्यवनधामको नजिकै सेती नदीमा बग्ने पानीको वहावले कुँदेर बनाएको प्राकृतिक ढुङ्गे बगैँचाले जोकोहीलाई लोभ्याउन सक्छ ।

च्यवनधामलाई तनुहँकै उत्कृष्ट गन्तव्य बनाउन स्थानीवासीसँग स्थानीय सरकारले हातेमालो गरिरहेको वडाध्यक्ष जगतबहादुर गुरुङले बताउनुभयो । मिनी मुक्तिनाथको अवधारणा भएको हुँदा पूर्वाधार निर्माणमा नगरले वर्षेनी बजेट विनियोजन गर्दैआएको छ । पृथ्वी राजमार्ग नजिकै सेती नदी रहेको छ । गाछेपानीस्थित सेती नदी ढुङ्गाले भरिएका किनारको स्वरुप एक दशकमा फेरिएको छ । दिउँसै डरलाग्दो त्यो नदी छेउको थुम्को पवित्र धाम बनेको छ । झकिझकाउ मन्दिर ठड्याइएको छ । धार्मिक पर्यटकको गतिलो गन्तव्य बनेको छ ।

एक्लै हिँड्न पनि डरलाग्ने कुरुप साघुँरो ठाउँ फेरिएर यति सुन्दर र फराकिलो पर्यटकीय गन्तव्य बन्ला भन्ने गाछेपानीवासीले सोचेका पनि थिएनन् । त्यही किनारको स्वरूप फेरिएको छ । गाछेपानीवासीको एकताले यस ठाउँलाई तनहुँकै चर्चित धार्मिकस्थल बनाउन सफल भएका छन् । नदी छेउको थुम्को मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम (मिनी मुक्तिनाथ)को नामले कहलिएको छ । यस ठाउँ भगवान् शिवजीप्रति आस्थावान् भक्तजनको आकर्षणको केन्द्र बनेको छ । हिन्दू धर्मको मात्र होइन, च्यवनधाम बौद्ध धर्मलम्बीको पनि आस्थाको थलो हो ।

विसं २०६५ मा नदी किनारमा रहेको यो जग्गा पहुँचवालाले कसैले हडप्न नखोजेको भए यो परिवर्तन सम्भव थिएन । यहाँको २३ रोपनी जग्गा हडप्न खोजिएको भए पनि स्थानीयवासीले जग्गाको संरक्षण गरेका थिए । जग्गा संरक्षणको दुई वर्षपछि २०६७ सालमा काठमाडौँ बस्दै आउनुभएका ऋषिगुरु श्रीराम पौडेलसँग स्थानीयवासीको सम्पर्क भयो । पौडेलले सेतीको तिर तपोभूमि भएको सुनाउनुभयो । त्यसो त शुक्लागण्डकी क्षेत्र च्यवन ऋषिको तपोभूमिको रुपमा पनि परिचित थियो ।

त्यही वर्षको कात्तिकमा मन्दिर सहितका पूर्वाधार निर्माणका लागि लालप्रसाद गर्तौलाको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरिएको थियो । माघमा यो क्षेत्रलाई श्री मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम नामकरण गरियो । समिति मन्दिर बनाउन कस्सिए पनि आर्थिक अभाव आइलाग्यो । देशभर आर्थिक सङ्कलनका लागि महायज्ञ गर्ने परम्परा चलेको बेला त्यसैलाई अनुशरण गर्ने उपाय समितिले निकालेको थियो । पूर्वाधार निर्माणमा आर्थिक सङ्कलन गर्ने उद्देश्यले सोही वर्षको चैत १० देखि १७ गतेसम्म सञ्चालन भएको महायज्ञमा रु एक करोड ५० लाख आर्थिक सङ्कलन भएको थियो । त्यसपछि मन्दिरमा पूर्वाधार निर्माणको क्रम सुरु भएको हो । मन्दिरको अलवा मुक्तिनाथकै झल्को दिने १०८ धारा, १०८ ओमकार कल्पवृक्ष, १०८ शिवलिङ्ग, मोक्षकुण्ड, वृद्धाश्रम, उद्यानलगायतका संरचना बनाइएको छ । बौद्ध धर्मावलम्बीको लक्षित गर्दै बौद्धगुम्बा पनि च्यवनधाम परिसरमा छ । बौद्ध धर्मावलम्बीको जागरुपतालाई सम्मान गर्दै गुम्बा पनि बनाएको छ । यहाँ बनाईएको गुम्बाले एकअर्काको धर्मलाई सम्मान गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्ने सापकोटाको भनाइ छ ।

मन्दिर क्षेत्रमा एक दशकको अवधिमा रु तीन करोड बढी पूर्वाधार निर्माणमा लगानी गरिएको छ । उक्त रकम दान सङ्कलनसँगै सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि उपलब्ध गराएका छन् । च्यवनधाममा नयाँ वर्ष, साउने सोमबार, कृष्ण अष्टमी, बाला चतुर्दशी र शिवरात्रिमा भक्तजनको बढी घुइँचो लाग्छ । प्रत्येक वर्षको साउन महिनामा शिवपुराण लगाउने गरिएको छ ।


# लोप भए टुकी र दियालो, देखिनै छोडे आरन

**–ध्रुबसागर शर्मा**
**म्याग्दी, १८ फागुन**

पूर्खाको जीवनशैली र तत्कालीन समयको पहिचान दिने टुकी र दियालो बाल्ने परम्परा लोप हुन थालेको छ । जिल्लाका गाउँगाउँमा तीव्रगतिमा भइरहेको विद्युत् विस्तार र वैकल्पिक ऊर्जाको प्रयोगसँगै ती परम्परा हराउँदै गएको हो ।

डेढ दशकअघिसम्म जिल्लाका ग्रामीण क्षेत्रमा देखिने आरन पनि पछिल्लो समय विस्थापित भएका छन् । आयातित कृषि औँजारको प्रयोग गर्ने चलन सुरु भएपछि परम्परागत कृषि औँजार निर्माण गरिने आरन पेसा हराउँदै गएको आरन पेसा सञ्चालन गर्ने विश्वकर्माले बताएका छन् ।

जिल्लाका ग्रामीण क्षेत्रका सबै स्थानमा विद्युत् पुगिनसके पनि भनेको बेलामा मट्टितेल नपाइने र पहिलेजस्तो सल्लाको रुखबाट दियालोसमेत निकाल्न नपाइने भएकाले अध्यारोमा टुकी र दियालो बाल्ने परम्परा लोप हुन लागेका हुन् । 'गाउँगाउँमा पुगेको विकासका कारण जिल्लाको ग्रामीण क्षेत्रका सर्वसाधारण हिजोआज टुकी र दियालोको साटो उज्यालोका लागि सोलार प्यानल प्रयोग गर्छन्' धवलागिरि गाउँपालिका- ७ का प्रकाश सुवेदीले भन्नुभयो, 'एकपटक सोलार जडान गरेपछि अन्य कुनै खर्च नलाग्ने, आफूलाई चाहिएको समयमा तत्काल बाल्न सकिने र धेरै समयसम्म टिकाउसमेत हुने भएकाले उनीहरूको आकर्षण बढेर गएको हो ।' पुस्तौंदेखि टुकी र दियालो बालेर गुजारा गर्दै आए पनि पछिल्लो समयमा भएको विद्युत् विस्तार र वैकल्पिक ऊर्जाको विकासले यी लोप भएको उहाँले बताउनुभयो । ८ हजारदेखि १८ हजार रुपैयाँसम्म पर्ने विभिन्न क्षमताका सोलार प्यानलबाट न्यूनतम ३ देखि अधिकतम १० वटासम्म बत्ती बल्नुका साथै घरमा भएका रेडियो र टेलिभिजनसमेत चलाउन सकिने भएपछि केन्द्रिय प्रशारण लाइनको विद्युत् सेवा नपुगेका म्याग्दीका दुर्गम गाउँमासमेत टुकी र दियालो छोडेर स्थानीयवासीले सोलार प्रयोग गर्न थालेका रघुगङ्गा गाउँपालिका-६ का वडाध्यक्ष मनकुमार शेरपुर्जाले बताउनुभयो । सोलार जडान गरेपछि राति छोराछोरीलाई पढ्न र आफूलाई टेलिभिजन हेर्नसमेत सजिलो भएको रघुगङ्गा गाउँपालिका-६ ठाडाखानीकी हिमाली छन्त्यालले बताउनुभयो । गाउँले वैकल्पिक ऊर्जातर्फ आकर्षित भएपछि जिल्लाका कतिपय सामुदायिक वन उपभोक्ता समूहले आम्दानीको निश्चित् प्रतिशत रकम उपभोक्ताको घरमा सोलार जडान गर्नका लागि खर्च गर्ने गरेका छन् । पछिल्लो समयमा बढ्दै गएको आधुनिकीकरणले म्याग्दीमा आरन पेसा पनि लोप हुँदै गएको छ । विगतमा हँसिया (आसी), कुटो, कोदालो, बञ्चरोलगायतका कृषि औँजार निर्माण गर्ने आरन पेसा समयानुसार व्यावसायिक हुन नसक्दा पछिल्लो समय हराउन थालेको तीन वर्षअघि सो पेसा छोडेर ज्याला मजदूरीका काम गर्न थाल्नुभएका मालिका गाउँपालिका-३ का श्यामबहादुर विश्वकर्माले बताउनुभयो । अहिलेको परिवेशअनुरुप उपयुक्त आम्दानी नहुने भएपछि युवाले सो पेशालाई छाडदै गएको उहाँको भनाइ छ । 'युवा आफ्नो पम्परागत पेसाभन्दा पनि वैदेशिक रोजगारका लागि आकर्षित बन्न थालेका छन् । दिनभर फलाम पिटेर विभिन्न सामग्री निर्माण गरेअनुसार ज्याला नपाउँदा परिवार पाल्नै मुस्किल भएको छ' उहाँले भन्नुभयो, । गाउँमा म मात्र यो पेसा एक्लै धान्दै आएको थिएँ । दिनरात काम गरे पनि उचित पारिश्रमिक पाइन्न, हातमा ठेला उठेको छ, कसैको सहयोग छैन, तालिमका लागि सरकारी तथा गैरसरकारी संस्थाबाट सहयोग नभएकाले पेसा नै परिवर्तन गर्नुपरेको उहाँले बताउनुभयो ।

नयाँ पुस्ताले यस्तो पेसा छाड्दै गएका कारण आरन हराउँदै गएको स्थानीयवासी तोरणलाल विकले बताउनुभयो । राज्यले अरु पेसा व्यवसायीलाई जस्तै यसलाई पनि सहयोग र आवश्यक व्यवस्था मिलाइदिएको भए जीवन पनि सुधार हुने उहाँको भनाइ थियो ।

एक पाथी अन्नको भरमा वर्षभरि औँजार मर्मत र निर्माण गर्नुपर्ने अवस्था अहिले पनि कायम रहेको उहाँले बताउनुभयो । सिलाइमा समाजको व्यवहार र दृष्टिकोण परिवर्तन भए पनि आरन पेसामा भने परिवर्तन हुन नसकेको विश्वकर्माको भनाइरहेको छ । आरन पेसा व्यावसायिक बन्न नसक्नु, पेसालाई सम्मान हुने वातावरण नहुनु तथा सरकारले सहयोग नगर्नुजस्ता कारणले यो पेसा ओझेलमा पर्न थालेको बताइन्छ । मालिका गाउँपालिका-७ बिममा रहेको ११५ वर्ष पुरानो धार्मिक तथा ऐतिहासिकस्थलको प्रचारप्रसार र संरक्षणमा स्थानीयवासी जुटेका छन् । करिब ११५ वर्ष अघि बालतपस्वी चैतन्य महाप्रभुका परमशिष्य कपिलानन्द स्वामीजीले विसं १९६२ तिर यही स्थलमा आई तपस्या गरेको ऐतिहासिक तथ्य भेटिएपछि डा रुद्रानन्द ब्रह्मचारीको प्रमुख अध्यक्षतामा आध्यात्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने अभियानको घोषणा भएको हो ।


**Invitation for Bids**
**INF Nepal Green Pastures Hospital**
**Pokhara-15, Kaski, Gandaki Province, Nepal**

INTERNATIONAL NEPAL FELLOWSHIP

**Invitation for Bids for the Supply, Delivery and Installation of Electrical System and Earthing System**
**First Date of Publication: 3rd March, 2022**

1. INF Nepal Green Pastures Hospital, Pokhara-15 invites sealed bids from eligible bidders for the Supply, Delivery and Installation of Electrical System and Earthing System.
2. Bidding documents are available at the administration office of Green Pastures Hospital, Pokhara-15, Kaski. Interested bidders shall obtain the bidding documents from the administration office or can email to info.gph@nepal.inf.org and deposit the cost of bidding document of NRs 2,000 in the following bank:
   **Name of the Bank: Sanima Bank Limited** — **Bank Branch: Pokhara Branch**
   **Name of Office: INF Nepal Green Pastures Hospital** — **Bank Account No.: 006010010000155**
3. Interested bidders shall submit the bids to INF Nepal Green Pastures Hospital on or before 16:00 PM on 13th, March 2022. Bids received after this deadline will be rejected.
4. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date.
5. The bidders shall submit the copy of PAN/VAT Registration, Company/Firm Registration and Tax Clearance of FY 2077-78.
6. Eligible Bidders may obtain further information at the administration office of Green Pastures Hospital, Pokhara-15, Kaski.
7. Any discrepancies or error in the bid document, bid notice or any other document will be as per purchasing policy of INF Nepal Green Pastures Hospital; the office of INFGPH reserves the right to correct, amend or reject the tender process at any time.
8. For further information, email to: info.gph@nepal.inf.org or Tel 977 61 430640